# जंगल मीटिंग



लेखन – डॉ. प्रमोद कुमार तिवारी
चित्रांकन – श्रेयस रजनीश व्यास

# आभार

## कार्यक्रम समन्वयक

प्रो. उषा शर्मा, *प्रोफ़ेसर एवं प्रभारी,*
राष्ट्रीय साक्षरता केंद्र प्रकोष्ठ, एन.सी.ई.आर.टी., दिल्ली

## लेखन

डॉ. प्रमोद कुमार तिवारी

## चित्रांकन

श्रेयस रजनीश व्यास

## मार्गदर्शन

प्रो. नीना सबनानी, *एनिमेटर एवं सहायक संकाय*,
डिज़ाइन विभाग, भारतीय प्रौद्योगिकी संस्थान, हैदराबाद

## आभार ज्ञापन


श्री श्याम सिंह सुशील, *लेखक*
श्री अक्षय कुमार दीक्षित*, मेंटर,* शिक्षा निदेशालय, दिल्ली प्रशासन, दिल्ली
डॉ. प्रसाद एस ओंकार, *प्रमुख (डिज़ाइन) एवं एसोसिएट प्रोफ़ेसर*, आई.आई.टी., हैदराबाद
प्रो. दीपक जॉन मैथ्यू , *प्रोफ़ेसर* , डिज़ाइन विभाग, आई.आई.टी., हैदराबाद
श्री डेल्विन जूड रेमेडियोज, *सहायक प्रोफ़ेसर*, डिज़ाइन विभाग, आई.आई.टी., हैदराबाद
श्रीमती अंकिता रॉय, *सहायक प्रोफ़ेसर*, डिज़ाइन विभाग, आई.आई.टी., हैदराबाद
डॉ. मोहम्मद शाहिद, *सहायक प्रोफ़ेसर*, डिज़ाइन विभाग, आई.आई.टी., हैदराबाद
डॉ. सौरव देवरी, *सहायक प्रोफ़ेसर*, डिज़ाइन विभाग, आई.आई.टी., हैदराबाद
डॉ. शुहिता भट्टाचार्जी, *सहायक प्रोफ़ेसर*, उदार कला विभाग, आई.आई.टी., हैदराबाद
श्री गौतम गोस्वामी, *सहायक प्रोफ़ेसर*, एनीमेशन एवं मल्टीमीडिया विभाग,
बिरला प्रौद्योगिकी संस्थान, जयपुर
श्री मोहम्मद शाह आलम, *वरिष्ठ परामर्शदाता (आई.सी. टी.)*,
राष्ट्रीय साक्षरता केंद्र प्रकोष्ठ , एन.सी.ई.आर.टी., दिल्ली
सुश्री भावना खेड़ा, *कनिष्ठ परियोजना अध्येता*,
राष्ट्रीय साक्षरता केंद्र प्रकोष्ठ, एन.सी.ई.आर.टी., दिल्ली

उल्लास
ULLAS
जन जन साक्षर
नव भारत साक्षरता कार्यक्रम

# जङ्गलको सभा


लेखन
डा. प्रमोद कुमार तिवारी

चित्राङ्कन
श्रेयस रजनीश व्यास



विद्यया ऽ मृतमश्नुते
एन सी ई आर टी
NCERT
राष्ट्रीय शैक्षिक अनुसंधान और प्रशिक्षण परिषद्
NATIONAL COUNCIL OF EDUCATIONAL RESEARCH AND TRAINING

बिहानैदेखि चुलबुले मूसा र बिट्टू भँगेरालाई सास फेर्ने फुर्सद थिएन। सबैको घरघरमा गएर आज हुने सभाको बारेमा बताउने अनि आमन्त्रित गर्ने काम यिनीहरूलाई सुम्पिइएको थियो।




त्यो कुनाको सफाई बाँकी नै छ!
आपातकालीन बैठक
बितेका दस वर्षमा जीव-जन्तुहरूका जीवनमाथि मानिसहरूद्वारा गरिएका क्रियाकलापहरूले थुप्रै दुष्प्रभाव देखिएका छन्। भविष्यमा यसबाट कसरी बाँच्नु पर्ने, यसैबारेमा सभा भइरहेको थियो।


के मेरो उज्यालो यिनीहरूलाई
कम्ति भइरहेको थियो?
दाजु हिंडनुहोस्!


सबै पशु-पक्षीहरू भेला भएपछि सभा सुरु भयो।
मलाई भन, के नयाँ पीढीले आफ्नो संस्कार बिर्सदैँ गइरहेको छ?
हामी बुढापाकाहरूलाई किन बोलाइएन?
पीपल बाजे तपाईँ नरिसाउनुहोस्।
हामीले तपाईँलाई बिर्सेका छैनौँ। अर्को सप्ताह बोटबिरुवाहरूको अलग्गै सभा राखिएको छ।


यो कस्तो कुरा हँ? जब हामी सँगै बसेर आफ्ना सुख-दुःख बाँड्छौँ भने सभाचाहिँ किन अलग-अलग?
मानिसहरूको यो अत्याचार हामीमाथि पनि त भइरहेको छ।
हामी सबैले एकसाथ मिलेर योजना बनायौँ भने मात्रै त्यो सफल हुनेछ।
सडकतर्फ झुकेको मेरो हाँगा सधैँ ओइलाई रहन्छ। बोटबिरुवा अनि जीवहरूको समस्या एउटै हो।


पीपल बाजेले ठीक भन्दै हुनुहुन्छ
बोटबिरुवाहरूलाई पनि यस सभामा समावेश गरिने छ।
यिनीका कुराहरूलाई पनि कार्यसूचीमा सामेल गरियोस्...
त्यसपछि कार्यवाहीलाई अगाडि बढाइयोस्।
अब म मोनू मुजुरलाई निवेदन गर्छु कि उहाँले हामीलाई सम्पूर्ण समस्याहरूको बारेमा बताउन्।

एउटा-एउटा गरेर मोनू मुजुरले सबै समस्याहरू सभाको अगाडि राख्यो।




तपाईँ मेरो कुरा सुन्नुहोस्। सडक अनि ठोस सतहमा हिँड्नु भनेको फलामको चिउरा चपाउनु जस्तै हो।
मैले सुनेको थिएँ जीव दुई प्रकारका हुन्छन् – जुत्ता लगाउने अनि नलगाउने।
यसरी मलाई लाग्दथ्यो कि म दोस्रो प्रकारको जीवमा पर्दछु।
तर हेर! यी मानिसहरूले मलाई पनि जुत्ता लगाई दिए।


मेरो पनि त सुन... यो खाने कुराहरूमा मिलावट कहिलेदेखि हुन थाल्यो?
मेरो खोर्सानीको स्वाद अब पहिलेको जस्तो पटक्कै छैन। यस्तो लाग्दछ कि कसैले रसायनिक पर्दाथ मिसाइदिएको छ।
यो बोल्ने को हो?!
म पनि केही भन्न चाहन्छु।
म! सानी कमिला। हामी त यति दिक्क भइसक्यौँ। यी मानिसहरूका नानीहरूले हामीलाई जहाँ देख्यो त्यहीँ मार्नको निम्ति तयार भई हाल्दछन्।
हामीले त यिनीहरूलाई कहिल्यै दुःख दिएनौँ।


म ढिलो आएकोमा क्षमा चाहन्छु।
यहाँ हेर्नुहोस्! मेरा प्वाँखहरू कति धेरै झर्न थालेका छन्।
मेरो पूर्वजहरूको यस्तो हालत कहिल्यै भएको थिएन।
मलाई सहयोग गर्नुहोस्।
हे भगवान! कतै तिमीले कसैको घरको पानीको मेशिनबाट निस्किएको पानी त पिउदैँनौ?
त्यो पानी दूषित हुन्छ भनेर नभन्नु होला!


यहाँ सबैले आ-आफ्ना समस्याहरू बताइरहेका छन
तिमीहरूचाहिँ पछिल्तिर सुतिरहेका छौ? साथीहरू, यो अत्यन्तै गम्भीर विषय हो। हामीले यसमाथि गहिरोसँग विचार गर्नु पर्नेछ।
म प्रस्ताव राख्दछु कि यस विषयमाथि तीन दिवसीय अन्तर्राष्ट्रिय सङ्गोष्ठी आयोजित गरियोस् अनि त्यसमा संसारभरिका विद्वानहरूलाई बोलाइयोस्।
यसरी नै मानिसहरूलाई पनि कुराकानीको निम्ति आमन्त्रित गरियोस्
यसको साथै मुन्नू चिप्लेकिराको धन्यवाद ज्ञापन वक्तव्यपछि सभा समाप्त भयो।
आभार




विद्यया ऽमृतमश्नुते

एन सी ई आर टी
NCERT

राष्ट्रीय शैक्षिक अनुसंधान और प्रशिक्षण परिषद्
NATIONAL COUNCIL OF EDUCATIONAL RESEARCH AND TRAINING